# लघुवित्त वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१

**(2023/2024)**

## नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग
## चैत, २०८१

# विषय-सूची

**पेज नं.**


कार्यकारी सारांश

**खण्ड (१)**
**पृष्ठभूमि एवं नियमन व्यवस्था**

१.१ पृष्ठभूमि १
१.२ लघुवित्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण गर्नुका प्रमुख उद्देश्य १
१.३ निरीक्षण तथा सुपरिवेक्षणका आधार १
१.४ नियमन व्यवस्था २
१.५ लघुवित्त वित्तीय संस्थाहरुको विवरण ४
१.६ लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहूँच तथा शाखाको अवस्था ४

**खण्ड (२)**
**स्थलगत निरीक्षण**

२.१ निरीक्षण तथा सुपरिवेक्षण ६
२.२ लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण ६

**खण्ड (३)**
**गैरस्थलगत सुपरिवेक्षण**

३.१ लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण ९
३.२ निर्देशन अनुपालनाको स्थिति १८
३.३ वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्दा दिइएका निर्देशनहरु २०

**खण्ड (४)**
**विशेष तथा अनुगमन निरीक्षण**

४.१ विशेष तथा अनुगमन स्थलगत निरीक्षण २३

**खण्ड (५)**
**कार्यान्वयन**

५.१ कार्यान्वयन हुन बाँकी मुख्य कैफियतका निर्देशनहरु २४

**खण्ड (६)**
**नीति, योजना र आन्तरिक प्रशासन**

६.१ नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि २७

## तालिका सूची


| | | |
|---|---|---|
| तालिका १ | प्रमुख व्यवस्थाहरु | २ |
| तालिका २ | समष्टिगत स्थलगत निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्थाहरु | ६ |
| तालिका ३ | चुक्तापुँजी, प्राथमिक पुँजी र पुँजीकोष | १० |
| तालिका ४ | जोखिम भारित सम्पत्ति कुल सम्पत्ति अनुपात | ११ |
| तालिका ५ | लगानी | १२ |
| तालिका ६ | कर्जा तथा सापटको वर्गीकरण | १२ |
| तालिका ७ | कर्जा/बचत तथा सापटी अनुपात | १३ |
| तालिका ८ | गैर बैंक सम्पत्ति | १४ |
| तालिका ९ | प्रतिफलको स्थिति | १५ |
| तालिका १० | अनिवार्य नगद मौज्दात | १६ |
| तालिका ११ | तरलता | १६ |
| तालिका १२ | भारित औषत ब्याजदर अन्तर | १७ |
| तालिका १३ | वित्तीय स्रोत परिचालन | १७ |
| तालिका १४ | लघु उद्यम (धितो) कर्जा कुल कर्जा अनुपात | १८ |
| तालिका १५ | विशेष स्थलगत निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्था | २३ |


## चार्ट सूची


| | | |
|---|---|---|
| चार्ट १ | लघुवित्त वित्तीय संस्थाहरुको पछिल्लो तीन वर्षको संख्या | ४ |
| चार्ट २ | लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहुँच तथा शाखाको अवस्था | ५ |
| चार्ट ३ | प्राथमिक पुँजी र पुँजी कोष अनुपात | ११ |
| चार्ट ४ | निष्क्रिय कर्जा अनुपात तथा कूल कर्जा नोक्सानी व्यवस्था | १३ |
| चार्ट ५ | कर्जा/बचत तथा सापटी अनुपात | १४ |
| चार्ट ६ | प्रतिफलको स्थिति | १५ |


## अनुसूची


| | | |
|---|---|---|
| अनूसूची- १ | लघुवित्त संस्था सुपरिवेक्षण विभागको संगठन तालिका | २८ |
| अनूसूची- २ | लघुवित्त वित्तीय संस्था, सञ्चालन मिति, पुँजी, प्रमुख वित्तीय सुचकाङ्कहरुको सूची | २९ |
| अनुसूची- ३ | लघुवित्त वित्तीय संस्थाहरुको प्रगति विवरण | ३१ |

## कार्यकारी सारांश

नेपाल राष्ट्र बैङ्कको उद्देश्य हासिल गर्न सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गरी नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ५ को उपदफा (१) (च) ले प्रदान गरेको जिम्मेवारी वहन गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभागबाट आफ्नो सुपरिवेक्षकीय दायराभित्र पर्ने यस बैङ्कबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण कार्य हुँदै आएको छ। विद्यमान विभिन्न ऐन तथा यस बैंकबाट जारी निर्देशन, संस्थाको प्रबन्धपत्र, नियमावली, कार्यविधिहरुमा भएका व्यवस्थाहरु संस्थाबाट पालना भए/नभएको सम्बन्धमा नियमितरुपमा निरीक्षण तथा सुपरिवेक्षण कार्य गर्ने गरिएको छ।

२०८० असार मसान्तमा ५७ वटा लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ५ वटा संस्था मर्ज वा प्राप्तिमा गएकोले २०८१ असार मसान्तमा कुल ५२ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। जसमध्ये राष्ट्रियस्तरका ३९, प्रदेशस्तरका ९ र क्षेत्रिय/जिल्लास्तर कार्यक्षेत्र भएका ४ संस्था रहेका छन्। सो मध्ये २ संस्था सर्वसाधारणहरुबाट निक्षेप स्वीकार गर्ने र बाँकी ५० संस्था सर्वसाधारणहरुबाट निक्षेप स्वीकार नगर्ने प्रकृतिका रहेका छन्। साथै, कुल ५२ संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्था ३ र खुद्रा कर्जा प्रदायक संस्था ४९ रहेका छन्। २०८१ असार मसान्तसम्ममा ५२ लघुवित्त वित्तीय संस्थाले ५,०१२ शाखा कार्यालय मार्फत लघुवित्त सेवा प्रदान गर्दै आएका छन् भने लघुवित्त संस्थाहरुको केन्द्र संख्या ४ लाख ५९ हजार, समूह संख्या १४ लाख १६ हजार, सदस्य संख्या ५९ लाख ९५ हजार तथा ऋणी संख्या २६ लाख ६४ हजार रहेका छन्। लघुवित्त वित्तीय संस्थाको उपस्थिति ७७ वटै जिल्लामा रहेको छ। त्यसैगरी २०८१ असार मसान्तमा लघुवित्त संस्थाहरुमा २१,७२७ कर्मचारीहरु कार्यरत रहेको देखिन्छ भने लघुवित्त वित्तीय संस्थाका प्रति शाखाले औसतमा १,१९६ सदस्यहरुलाई सेवा दिइरहेका छन (अनुसूची-३)।

नेपाल राष्ट्र बैंक, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को आधारमा यस विभागबाट स्थलगत, गैरस्थलगत, लक्षित, विशेष तथा अनुगमन निरीक्षण गरिंदै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा ४० वटा लघुवित्त वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण र ३ वटा लघुवित्त वित्तीय संस्थाको विशेष स्थलगत निरीक्षण सम्पन्न गरिएको छ।

२०८१ असार मसान्तमा कायम रहेका कुल ५२ लघुवित्त वित्तीय संस्थाहरुमध्ये ४३ लघुवित्त वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण गरी आवश्यक थप निर्देशनसहित वार्षिक वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा लघुवित्त वित्तीय संस्थाको बचत तथा सापटी ७.१४ प्रतिशत, कुल कर्जा ५.३९ प्रतिशत तथा जोखिम भारित सम्पत्तिमा ८.२० प्रतिशतले वृद्धि भएको देखिन्छ भने लगानीमा १७.२९ प्रतिशतले ह्रास आएको देखिन्छ (तालिका-४, ५, ६ र ७)। अघिल्लो आर्थिक वर्षको तुलनामा यस आ.व.मा संस्थाहरुको निष्कृय कर्जा र कर्जा नोक्सानी व्यवस्था क्रमशः १८.६३ र २५.०६ प्रतिशतले वृद्धि भएको छ। विगत ३ वर्षदेखि समग्र लघुवित्त वित्तीय संस्थाहरुको गैर बैकिङ सम्पत्तिमा कुनै परिवर्तन भएको छैन (तालिका-८)। लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट लिने सापटी रकमको ब्याजदर घटेका कारण समग्रमा अघिल्लो आर्थिक वर्षको तुलनामा संस्थाहरुको ब्याज खर्चमा ४.५२ प्रतिशतले कमी आई संचालन आम्दानी २०.५१ प्रतिशत तथा खुद नाफा २१.९४ प्रतिशतले वृद्धि भएको देखिन्छ (तालिका-९)।

आर्थिक वर्ष २०८०/८१ मा स्थलगत निरीक्षण सम्पन्न गरिए पश्चात् तयार गरिएको निरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियतहरु उपर प्रतिवेदन कार्यान्वयन गर्न नियमित रुपमा तीन महले विवरण तयार गरी थप निर्देशन दिने गरिएको छ । साथै, नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ मा अर्द्ध-वार्षिक रुपमा प्रतिवेदन कार्यान्वयनको स्थिति सूचित गर्नु पर्ने व्यवस्था रहे बमोजिम सबै लघुवित्त वित्तीय संस्थाहरुको कार्यान्वयन प्रतिवेदन तयार गरिएको छ ।

लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरु, उच्च व्यवस्थापन तहका कर्मचारीहरु लगायत अन्य कर्मचारीहरुसँग यस बैंकबाट हुने निरीक्षणका क्रममा देखिएका विभिन्न कैफियतहरु, संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण, जोखिम व्यवस्थापन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम र बैंकबाट जारी एकीकृत निर्देशन, प्रचलित ऐन नियम तथा सुपरिवेक्षकीय विषयवस्तुमा समय समयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

# खण्ड (१)

# पृष्ठभूमि एवं नियमन व्यवस्था

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ समेतको आधारमा आर्थिक वर्ष २०८०/८१ मा यस विभागको सुपरिवेक्षकीय दायरा अन्तर्गत रहेका लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण गरिएको छ । यस विभागको उद्देश्य हासिल गर्न तथा काम कारवाहीलाई व्यवस्थित गर्न विभागीय संरचना अन्तर्गत गैर-स्थलगत सुपरिवेक्षण फाँट, कार्यान्वयन फाँट, आन्तरिक प्रशासन र नीति योजना तथा गुनासो सुनुवाई फाँट गठन गरी कार्य विभाजन तथा कार्य सम्पादन हुँदै आएको छ ।

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकहरुको स्थलगत निरीक्षण जोखिममा आधारित भएर तथा अन्य वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण विद्यमान ऐन, नियम तथा निर्देशनहरुको अनुपालनामा आधारित भएर गर्ने गरेको छ । सोही अनुरुप लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण, गैरस्थलगत सुपरिवेक्षण, लक्षित निरीक्षण, विशेष निरीक्षण तथा अनुगमन निरीक्षण सम्बन्धित संस्थाहरुको संस्थागत अवस्थालाई विश्लेषण गरी विद्यमान ऐन, नियम, कानुन, विनियम साथै नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन/परिपत्रहरुको आधारमा गर्ने गरिएको छ ।

## १.२ लघुवित्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण गर्नुका प्रमुख उद्देश्य

लघुवित्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण गर्नुका प्रमुख उद्देश्य निम्नानुसार रहेका छन् ।

- लघुवित्त वित्तीय संस्थाहरुलाई प्रचलित ऐन, नियम, विनियम तथा यस बैकबाट जारी निर्देशन/परिपत्रहरूको पालना गर्न लगाउने,
- लघुवित्त वित्तीय संस्थाहरुमा प्रभावकारी व्यवस्थापन तथा नियन्त्रण प्रणालीको विकास गर्न लगाउने,
- लघुवित्त वित्तीय संस्थाहरूसँग सम्बन्धित विशेष गरी बचत/निक्षेपकर्ताका साथै सरोकारवालाहरू (Stakeholders) को हकहितको संरक्षण गर्ने र वित्तीय परिसूचकका आधारमा देखिएका समस्याहरुलाई समयमा नै पहिचान गरी समाधानका उपयुक्त उपाय अवलम्बन गर्ने ।

## १.३ निरीक्षण तथा सुपरिवेक्षणका आधार

लघुवित्त वित्तीय संस्थाहरूको पुँजीको स्थिति, कर्जाको गुणस्तर, व्यवस्थापनको सक्षमता, प्रतिफल, तरलता, वित्तीय सक्षमता जस्ता पक्षहरूलाई दृष्टिगत गरी देहायका ऐन, नियम, विनियम तथा निर्देशन आदिको आधारमा निरीक्षण तथा सुपरिवेक्षण गर्ने गरिएको छ ।

- नेपाल राष्ट्र बैङ्क ऐन, २०५८
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- कम्पनी ऐन, २०६३
- नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४
- Onsite Inspection Manual, 2080

- Offsite Supervision Manual, 2080
- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३
- नेपाल राष्ट्र बैंकबाट जारी नीति, एकीकृत निर्देशन/मार्गदर्शन,
- सुपरिवेक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्थापित सिद्धान्तहरू ( International Best Practices)
- लघुवित्त वित्तीय संस्थाहरुको प्रबन्धपत्र, नियमावली, कार्यविधि, निर्देशिका, साधारण सभा र सञ्चालक समितिबाट भएका निर्णयहरु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेखामान पद्धति

## १.४ नियमन व्यवस्था

यस बैङ्कबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ तथा आ.व.२०८०/८१ मा लागू हुनेगरी जारी भएका परिपत्रहरुमा गरिएका प्रमुख व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् ।

**तालिका १**
**प्रमुख व्यवस्थाहरु**

| क्र.सं. | विषय | कायम गर्नुपर्ने व्यवस्था |
|---|---|---|
| १. | **न्यूनतम पुँजी (जोखिम भारित सम्पत्तिको आधारमा)** | |
| | प्राथमिक पुँजी | ४% |
| | पुँजीकोष | ८% |
| २. | **कर्जा सापटको वर्गीकरण र नोक्सानी व्यवस्था** | |
| | असल (Pass) (साँवा वा ब्याजले भाखा ननाघेका र १ महिनासम्म भाखा नाघेका कर्जा/सापट) | १.३% |
| | सूक्ष्म निगरानी (watch list) (साँवा वा ब्याजले १ महिनादेखि ३ महिनासम्म भाखा नाघेका कर्जा/सापट) | ५% |
| | पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जा/सापट | ५% |
| | कमसल (Sub-standard) कर्जा/सापट (साँवा वा ब्याजले ३ महिनादेखि बढीमा ६ महिनासम्म भाका नाघेका) | २५% |
| | शंकास्पद (Doubtful) कर्जा/सापट (साँवा वा ब्याजले ६ महिना देखि बढीमा १ बर्षसम्म भाका नाघेका) | ५०% |
| | खराब (Loss): १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा/सापट | १००% |
| | निक्षेप तथा कर्जा सुरक्षण कोषमा सुरक्षण गरिएका कर्जा र लघुवित्त वित्तीय संस्थाले दावी भुक्तानी पाउने गरी बीमा गरिएको कृषिबाली तथा पशुपंक्षी कर्जाको हकमा सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थाको न्यूनतम | २५ प्रतिशतले हुने रकम मात्र कर्जा नोक्सानी व्यवस्था गरे पुग्ने |
| | कर्जा प्रवाह गर्दा एकाघर परिवारका सदस्यको नाममा भएको धितो बाहेक अन्य व्यक्ति/संस्थाको नाममा भएको धितोमा मात्र प्रवाहित कर्जालाई सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थामा थप व्यवस्था | २०% |
| ३. | **एउटै ग्रहक, फर्म, कम्पनि, संस्था वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान गर्नसक्ने कर्जा/सापट र लगानीको सीमा (अघिल्लो त्रयमासको प्राथमिक पुँजीको आधारमा)** | |
| | थोक कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको सीमा | २५% |
| | **खुद्रा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको हकमा** | |

| | | |
|---|---|---|
| | धितो लिई प्रवाह गरिने सबै किसिमको कर्जा | कुल कर्जाको बढीमा एक तिहाई |
| | विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामूहिक जमानिमा लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रति समूह सदस्य बढीमा | रु.५ लाख र विगत २ वर्षदेखि कर्जा उपभोग गरी असल समूहमा परेका समूह सदस्यको हकमा रु.७ लाख |
| | विपन्न तथा न्यून आय भएका, समूहमा आवद्ध भएका वा नभएका व्यक्तिहरुलाई स्वीकारयोग्य धितो लिई कृषि, लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रति व्यक्ति बढीमा | रु.७ लाख |
| | नवीकरणीय उर्जा प्रविधि अर्न्तगत Solar Home System / Bio-gas प्रयोजनका लागि प्रति परिवार बढीमा | रु.३ लाख |
| ४. | **अनिवार्य मौज्दात अनुपात सम्बन्धी व्यवस्था** | **कम्तिमा** |
| | समूह, सदस्यहरुबाट संकलन गरेको व्यक्तिगत, समूहगत, विशेष बचत तथा सापटी कोषको | ०.५% |
| | सर्वसाधारणको समेत निक्षेप संकलन गरी खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको आफ्नो कूल निक्षेप दायित्वको | २% |
| ५. | **बैधानिक तरलता अनुपात (अघिल्लो महिनाको मसान्तको कुल निक्षेप दायित्वको आधारमा कायम गर्नुपर्ने सीमा)** | **कम्तिमा** |
| | सर्वसाधारणको समेत निक्षेप परिचालन गर्ने लघुवित्त वित्तीय संस्थाहरू | ४% |
| ६. | **तरल सम्पत्ति सम्बन्धी व्यवस्था** | **कम्तीमा** |
| | सर्वसाधारणबाट निक्षेप परिचालन नगर्ने लघुवित्त वित्तीय संस्थाले आफ्नो कुल निक्षेप दायित्वको न्यूनतम | २.५% |
| ७. | **वित्तीय स्रोत संकलन सीमा** | **बढीमा** |
| | वित्तीय श्रोत परिचालन समूह सदस्यहरुबाट बचत, गैर सदस्यबाट निक्षेप, सापटी र डिवेञ्चरबाट संकलित रकम (अघिल्लो त्रयमास) को प्राथमिक पुँजीको आधारमा | ३० गुणा |
| | कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको (सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने वित्तीय संस्थाको हकमा) | १०% |
| ८. | **बचतमा ब्याजदर** | **कम्तिमा** |
| | कर्जामा लिएको अधिकतम ब्याजदरको | ५० % |
| ९. | **कर्जामा ब्याज** | |
| | कर्जामा लिने अधिकतम ब्याजदर | १५ % |

***बचत**


*यस प्रतिवेदन प्रयोजनका लागि बचत भन्नाले खुद्रा लघुवित्त वित्तीय संस्थाहरुले संकलन गर्ने सम्पूर्ण बचत रकम तथा अन्य सर्वसाधारणहरुबाट निक्षेप संकलन गर्ने इजाजतपत्रप्राप्त संस्थाहरु (निर्धन लघुवित्त वित्तीय संस्था लि. र छिमेक लघुवित्त वित्तीय संस्था लि.) ले संकलन गरेको निक्षेप रकम समेतलाई बुझाउँछ ।*

## १.५ लघुवित्त वित्तीय संस्थाहरुको विवरण

२०८१ असार मसान्तमा यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको संख्या ५२ रहेको छ ।

२०८१ असार मसान्तमा सञ्चालनमा रहेका ५२ लघुवित्त वित्तीय संस्थाहरुमध्ये राष्ट्रियस्तरका ३९, प्रदेशस्तरका ९ र क्षेत्रिय/जिल्लास्तर कार्यक्षेत्र भएका ४ संस्था छन् । उक्त संस्थाहरुको केन्द्र संख्या ४ लाख ५९ हजार, समूह संख्या १४ लाख १६ हजार रहेको देखिन्छ भने सदस्य संख्या ५९ लाख ९५ हजार तथा ऋणी संख्या २६ लाख ६४ हजार रहेको छ । ती लघुवित्त वित्तीय संस्थाहरुले देशको ७७ वटै जिल्लामा सेवा पुऱ्याएका छन् । लघुवित्त संस्थाहरुमा २१,७२७ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ ।

**चार्ट नं. १**
**लघुवित्त वित्तीय संस्थाको पछिल्लो तीन वर्षको संख्या**





२०७९ असार मसान्तसम्ममा ६५ लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा आ.व. २०७९/८० मा ८ वटा संस्थाहरु मर्जर तथा प्राप्तिमा गएपश्चात् २०८० असार मसान्तमा सो संख्या घटी ५७ संस्था कायम भएको देखिन्छ भने आ.व. २०८०/८१ मा समेत ५ वटा संस्थाहरु मर्जर तथा प्राप्तिमा गएपश्चात् २०८१ असार मसान्तमा संस्थाहरुको सख्या ५२ कायम भएको छ ।

२०८१ असार मसान्तमा कायम रहेका कुल ५२ लघुवित्त वित्तीय संस्थाहरु मध्ये थोक कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको संख्या ३ र खुद्रा कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको संख्या ४९ रहेको छ । ती लघुवित्त वित्तीय संस्थाहरु मध्ये सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने प्रकृतिका ५० रहेको छन् भने तोकिएका शाखाहरुमा सर्वसाधारणबाट समेत निक्षेप संकलन गर्ने संस्था २ (निर्धन उत्थान र छिमेक लघुवित्त वित्तीय संस्था) रहेका छन् ।

## १.६ लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहुँच तथा शाखाको अवस्था

२०८० असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या ५०७३ रहेकोमा २०८१ असार मसान्तमा मर्जर तथा प्राप्तिका कारण कमी भई कुल शाखा संख्या ५,०१२ पुगेको छ । उपरोक्त शाखा संख्याहरुमा संस्थाको केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरु समावेश गरिएको छैन । संस्थाहरुले सातवटै प्रदेशहरुमा सेवा प्रदान गर्दै आइरहेका छन् ।

**चार्ट नं. २**
**लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहुँच तथा शाखाको अवस्था**




लघुवित्त वित्तीय संस्थाहरुको शाखा कोशी प्रदेशमा ८४७ (१६.९० प्रतिशत), मधेश प्रदेशमा १०५३ (२०.६७ प्रतिशत), बागमती प्रदेशमा ७४१ (१४.७८ प्रतिशत), गण्डकी प्रदेशमा ५६४ (११.२५ प्रतिशत), लुम्बिनी प्रदेशमा ११२४ (२२.४३ प्रतिशत), कर्णाली प्रदेशमा २३९ (४.७७ प्रतिशत) र सुदुरपश्चिम प्रदेशमा ४६१ (९.२० प्रतिशत) रहेको छ ।

२०८० असार मसान्तको तुलनामा लघुवित्त संस्थाहरुको शाखा संख्यामा केही कमी आएको देखिन्छ । यस अवधिमा जम्मा ६१ शाखा कार्यालयहरु घटेका छन् । २०८० असार मसान्तको तुलनामा कर्णली र सुदुरपश्चिम प्रदेशमा संस्थाका शाखा कार्यालयहरुको संख्या सामान्य बढेको छ भने अन्य प्रदेशमा शाखा कार्यालयहरुको संख्या घटेको देखिन्छ । २०८० असार मसान्तमा ५०७३ शाखामार्फत ६० लाख १६ हजार सदस्यहरुलाई सेवा दिदै आइरहेकोमा २०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाको शाखा संख्या ५,०१२ रहेको र कुल सदस्य संख्या ५९ लाख ९५ हजार सदस्य रहेकोले लघुवित्त वित्तीय संस्थाको एउटा शाखाले औसतमा १,१९६ सदस्यहरुलाई सेवा दिइरहेको देखिन्छ ।

# खण्ड (२)

# स्थलगत निरीक्षण

## २.१ निरीक्षण तथा सुपरिवेक्षण

विभागले नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ तथा Onsite Inspection Manual, २०८० को अधिनमा रही यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको काम कारवाहीबाट बचतकर्ता, लगानीकर्ता एवम् अन्य सरोकारवालाहरुको हित संरक्षण भए/नभएको सुनिश्चित गर्न स्वीकृत वार्षिक कार्ययोजना अनुसार समष्टिगत स्थलगत निरीक्षण, लक्षित निरीक्षण, अनुगमन/विशेष स्थलगत निरीक्षण गर्ने गरेको छ । इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुमध्ये स्वीकृत कार्ययोजना अनुसार निरीक्षण अवधिसँग तुलनात्मक रुपमा लामो अवधिसम्म निरीक्षण नभएका संस्थाहरुलाई प्राथमिकताको आधारमा संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण गर्दै आएको छ । संस्थाको वर्तमान सञ्चालन स्थितिको आधारमा संस्थागत सुशासन, तरलता, सरोकारवाला पक्षहरु जस्तै लगानीकर्ता, कर्मचारी, वचतकर्ता, कर्जा उपभोक्ता जस्ता पक्षहरुलाई लक्षित गर्दै स्थलगत निरीक्षण गर्ने गरिएको छ भने यस बैंकवाट दिइएका निर्देशनहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन निरीक्षण गर्ने गरिएको छ । यस्तै, संस्थाको वारेमा विभिन्न निकायहरुवाट प्राप्त उजुरी तथा गुनासोको आधारमा विशेष स्थलगत निरीक्षण समेत गर्ने गरिएको छ ।

## २.२ लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण

आर्थिक वर्ष २०८०/८१ मा ४० वटा लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण गर्ने स्वीकृत कार्ययोजना रहेकोमा लक्ष्य बमोजिमनै संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

**तालिका २**

**आर्थिक वर्ष २०८०/८१ मा समष्टिगत स्थलगत निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्थाहरुको विवरण**

| सि.नं. | संस्थाको नाम | ठेगाना | देखि | सम्म |
|---|---|---|---|---|
| १ | समाज लघुवित्त वित्तीय संस्था लि. | मलंगवा, सर्लाही | २०८०/०४/२८ | २०८०/०५/०१ |
| २ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. | बुटवल, रुपन्देही | २०८०/०४/१४ | २०८०/०४/१९ |
| ३ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | बुटवल, रुपन्देही | २०८०/०४/२८ | २०८०/०५/०१ |
| ४ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.कर्पोरेट कार्यालय | सीतापाइला काठमाडौ | २०८०/०५/०३ | २०८०/०५/१२ |
| ५ | महुली लघुवित्त वित्तीय संस्था लि. | बगधुवा, सप्तरी | २०८०/०४/२१ | २०८०/०४/२४ |
| ६ | श्रृजनशिल लघुवित्त वितीय संस्था लि. | गोलबजार सिराहा | २०८०/०४/२८ | २०८०/०५/०१ |
| ७ | आशा लघुवित्त वित्तीय संस्था लि. | मदानपुर ८, नुवाकोट | २०८०/०५/०३ | २०८०/०५/०८ |
| ८ | नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | (धादिङ), हाल बनेपा | २०८०/०५/२४ | २०८०/०५/३१ |
| ९ | मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | बट्टार, नुवाकोट | २०८०/०६/१४ | २०८०/०६/२१ |

| | | | | |
|---|---|---|---|---|
| १० | नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि. | कुस्मा, पर्वत | २०८०/०५/२४ | २०८०/०५/२९ |
| ११ | धौलागिरी लघुवित्त वित्तीय संस्था लि. | कास्की पोखरा | २०८०/०५/०२ | २०८०/०५/०९ |
| १२ | जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | पोखरा ( हाल वुटवल ) | २०८०/०६/२१ | २०८०/०६/२६ |
| १३ | साधना लघुवित्त वित्तीय संस्था लि. | गोरखा | २०८०/०६/२१ | २०८०/०६/२६ |
| १४ | सिवाईसि नेपाल लघुवित्त वित्तीय संस्था लि. | कास्की पोखरा | २०८०/०७/१९ | २०८०/०७/२४ |
| १५ | मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. | सिद्धार्थनगर, रुपन्देही | २०८०/०७/१२ | २०८०/०७/१७ |
| १६ | सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लि. सा | कर्पोरेट महालक्ष्मी,ललितपुर | २०८०/०९/१६ | २०८०/०९/२१ |
| १७ | एनएमबी लघुवित्त वित्तीय संस्था लि. | पोखरा हेम्जा, कास्की | २०८०/०७/१९ | २०८०/०७/२४ |
| १८ | ग्लोवल आईएमई लघुवित्त वित्तीय संस्था लि | पोखरा, कास्की | २०८०/०९/१६ | २०८०/०९/२१ |
| १९ | वीन नेपाल लघुवित्त वित्तीय संस्था लि. | वनेपा काभ्रेपलाञ्चोक | २०८०/०९/१६ | २०८०/०९/२४ |
| २० | एनआईसी लघुवित्त वित्तीय संस्था लि., | कर्पोरेट कार्यालय बनेपा, काभ्रे | २०८०/११/०६ | २०८०/११/१४ |
| २१ | महिला लघुवित्त वित्तीय संस्था लि. | बनेपा, काभ्रेपलाञ्चोक | २०८०/०९/१६ | २०८०/०९/२२ |
| २२ | छिमेक लघुवित्त वित्तीय संस्था लि | पुरानो बानेश्वर, काठमाडौं | २०८०/०९/१६ | २०८०/०९/२४ |
| २३ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लि., | लाहान सिराहा | २०८०/११/२० | २०८०/११/२५ |
| २४ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | बबरमहल, काठमाडौं | २०८०/१०/२१ | २०८०/११/२९ |
| २५ | विजय लघुवित्त वित्तीय संस्था लि. | गैडाकोट, नवलपुर हाल बनेपा | २०८०/११/०६ | २०८०/११/११ |
| २६ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. | नक्साल, काठमाडौं | २०८०/१०/१४ | २०८०/१०/२२ |
| २७ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि | कमलपोखरी, काठमाडा | २०८०/१०/१४ | २०८०/१०/२२ |
| २८ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि | ज्ञानेश्वर, काठमाडौं | २०८०/१०/१४ | २०८०/१०/१९ |
| २९ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | महाराजगंज, काठमाडा | २०८०/११/२० | २०८०/११/२५ |
| ३० | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि | बुटवल, रुपन्देही | २०८०/०६/१८ | २०८०/०६/२५ |
| ३१ | कालिका लघुवित्त वित्तीय संस्था लि., | पोखरा, कास्की | २०८१/०१/२३ | २०८१/०१/२८ |
| ३२ | जीवन विकास लघुवित्त वित्तीय संस्था लि | कटहरी, मोरङ | २०८१/०१/२३ | २०८१/०१/२८ |
| ३३ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | दुहवी, सुनसरी | २०८१/०१/२३ | २०८१/०१/२८ |

| | | | | |
|---|---|---|---|---|
| ३४ | हिमालयन (सिभिल) लघुवित्त वित्तीय संस्था लि. | चुच्चेपाटी, काठमाण्डौ | २०८०/१०/१४ | २०८०/१०/१९ |
| ३५ | सपोर्ट लघुवित्त वित्तीय संस्था लि. | हाँसपोसा, इटहरी | २०८१/०१/२३ | २०८१/०१/२८ |
| ३६ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. | वनेपा, काभ्रेपलाञ्चोक | २०८१/०१/२३ | २०८१/०१/२८ |
| ३७ | मानुषि लघुवित्त वित्तीय संस्था लि. | बनेपा, काभ्रेपलाञ्चोक | २०८१/०३/१३ | २०८१/०३/२३ |
| ३८ | बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि. | बनेपा काभ्रेपलाञ्चोक | २०८१/०२/२१ | २०८१/०२/३० |
| ३९ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि | बनेपा काभ्रेपलाञ्चोक | २०८१/०३/१३ | २०८१/०३/२३ |
| ४० | अभियान लघुवित्त वित्तीय संस्था लि. | पनौती , काभ्रे | २०८१/०२/२१ | २०८१/०२/३० |

# खण्ड (३)
# गैर-स्थलगत सुपरिवेक्षण

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८४ मा भएको व्यवस्था तथा यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ बमोजिम लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त वित्तीय विवरण लगायतका तथ्याङ्क एवं सूचनाका आधारमा सबै लघुवित्त वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण गरिएको छ । गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले पूर्व चेतावनी सङ्केत प्रदान गर्ने भएकोले सम्बन्धित वित्तीय संस्थालाई समयमा सुधारात्मक उपायहरू अवलम्बन गर्न सहयोग पुऱ्याउँदछ ।

नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ लागु भएपछि विशेष गरी लघुवित्त वित्तीय संस्थाहरुको पुँजीको पर्याप्तता, कर्जा वर्गीकरण, कर्जा नोक्सानी व्यवस्था, क्षेत्रगत कर्जा, अनिवार्य मौज्दात अनुपात, तरल सम्पत्ति सम्बन्धी व्यवस्था/वैधानिक तरलता अनुपात, आम्दानीको अवस्था, निक्षेप तथा सापटीको अवस्था, बजार संवेदनशीलता, कोषको लागत, ब्याजदर अन्तर लगायत अन्य विवरणहरुको विश्लेषण सहितको गैरस्थलगत सुपरिवेक्षण गर्ने गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण तथा गैरस्थलगत सुपरिवेक्षणबाट देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न आवश्यक निर्देशन दिनुका साथै दिइएका निर्देशनको पालनाको अवस्था सम्बन्धमा विभागको कार्यान्वयन इकाई मार्फत नियमित अनुगमन समेत गर्ने गरिएको छ ।

विभागले लघुवित्त वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण - कार्यविधि, २०८० (Offsite Supervision Manual) तयार गरी २०८० चैत्रदेखि लागु गरेको छ । उक्त कार्यविधि अन्तर्गत गैरस्थलगत इकाईहरुले मासिक रुपमा लघुवित्त वित्तीय संस्थाहरुको Periodic Compliance Assessment Report तथा त्रैमासिक रुपमा CAELS Rating तयार गर्दै आइरहेका छन । त्यसैगरी, लघुवित्त वित्तीय संस्थाहरुले प्रेषित गर्ने आवधिक वित्तीय विवरणहरुको आधारमा संस्थाहरुको श्रोत र उपयोगको विवरण, ब्याजदर संरचना, Key Financial Indicators (KFIs) तथा त्रैमासिक स्थिति प्रतिवेदन तथा वार्षिक रुपमा विभागका सम्पूर्ण कार्यहरु समेटिएको वार्षिक प्रतिवेदन तयार गरी बैंकको वेबसाइटमार्फत प्रकाशन गर्दै आएको छ । लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा आवश्यकता अनुसार निर्देशनहरु समेत दिने गरिएको छ ।

## ३.१ लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण

लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विवरणको आधारमा लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण गरिएको छ । यस विभागको गैर-स्थलगत सुपरिवेक्षण फाँटले देहायका विषयहरु समेटी विश्लेषण गर्ने गरेको छ ।

(क) पुँजी पर्याप्तता,
(ख) प्राथमिक पुँजी तथा पुँजीकोष,
(ग) जोखिमको अवस्था,
(घ) कर्जा वर्गीकरण, क्षेत्रगत कर्जा तथा कर्जा नोक्सानी व्यवस्था,
(ङ) कुल सम्पत्ति, आकार र वृद्धि,

(च) आम्दानी तथा खर्चको अवस्था,
(छ) तरलता र निक्षेपको अवस्था,
(ज) प्रतिफलको स्थिति,
(झ) निक्षेप संरचना, अधिकेन्द्रीकरण र वृद्धि,
(ञ) कर्जा संरचना, अधिकेन्द्रीकरण र वृद्धि,
(ट) ब्याजदरको स्थिति, प्रवृत्ति र स्तर,
(ठ) गैर-बैंकिङ्ग सम्पत्तिको स्थिति र वृद्धि,
(ड) विभागले तोकेका अन्य विषयहरु ।

२०८१ असार मसान्तको वित्तीय विवरणको आधारमा वार्षिक लेखापरीक्षण कार्य सम्पन्न गरेको लघुवित्त वित्तीय संस्थाहरुलाई वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न तथा लाभांश वितरण गर्न यस बैंकबाट सहमति प्रदान गरिएको छ ।

### ३.१.१ चुक्ता पुँजी, प्राथमिक पुँजी तथा पुँजीकोष


२०८० असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल चुक्ता पुँजी रु.३४ अर्ब ८ करोड रहेकोमा २०८१ असार मसान्तमा ५.१६ प्रतिशतले वृद्धि भई रु.३५ अर्ब ८४ करोड पुगेको देखिन्छ । साथै, लघुवित्त वित्तीय संस्थाहरुको प्राथमिक पुँजी २०८० असार मसान्तमा रु.५२ अर्ब ५५ करोड रहेकोमा २०८१ असार मसान्तमा १.१७ प्रतिशतले वृद्धि भई रु.५३ अर्ब १६ करोड पुगेको छ । त्यस्तै, लघुवित्त वित्तीय संस्थाहरुको कुल पुँजीकोष २०८० असार मसान्तमा रु.५८ अर्ब ५५ करोड रहेकोमा २०८१ असार मसान्तमा ०.५९ प्रतिशतले वृद्धि भई रु.५८ अर्ब ८९ करोड पुगेको देखिन्छ । २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा जोखिम भारित सम्पत्ति ८.२० प्रतिशतले बढेको देखिन्छ । २०८१ असार मसान्तमा जोखिम भारित सम्पत्तिको आधारमा लघुवित्त वित्तीय संस्थाहरुको प्राथमिक पुँजी अनुपात १०.५७ प्रतिशत रहेको छ भने पुँजीकोष अनुपात ११.७१ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा यस्तो अनुपात क्रमशः ११.३१ तथा १२.६० प्रतिशत रहेको थियो ।

**तालिका ३**
**चुक्तापुँजी, प्राथमिक पुँजी र पुँजीकोष**

(रु.करोडमा)

| विवरण | २०७९ असार | २०८० असार | २०८१ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| चुक्ता पुँजी | ३,०२१ | ३,४०८ | ३,५८४ | १२.७९ | ५.१६ |
| प्राथमिक पुँजी | ५,१४२ | ५,२५५ | ५,३१६ | २.२० | १.१७ |
| पुँजीकोष | ५,६८६ | ५,८५५ | ५,८८९ | २.९७ | ०.५९ |
| जोखिम भारित सम्पत्ति | ४७,३९१ | ४६,४७९ | ५०,२९१ | (१.९३) | ८.२० |
| प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | १०.८५ | ११.३१ | १०.५७ | | |
| पुँजीकोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | १२.०० | १२.६० | ११.७१ | | |

चार्ट ३ - प्राथमिक पुँजी र पुँजीकोष अनुपात




### ३.१.२ जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति २०८० असार मसान्तको तुलनामा ४.८५ प्रतिशतले वृद्धि भइ रु.४ खर्ब ९५ अर्ब ३५ करोड पुगेको छ । २०८१ असार मसान्तमा कुल सम्पत्तिमा जोखिम भारित सम्पत्तिको अनुपात १०१.५६ प्रतिशत रहेको छ जुन अघिल्लो आर्थिक वर्षमा ९८.३८ प्रतिशत रहेको थियो ।

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्ति २०८० असार मसान्तको तुलनामा ८.२० प्रतिशतले वृद्धि भई रु.५ खर्ब ०२ अर्ब ९१ करोड हुन आएको छ । २०८० असार मसान्तमा समग्र संस्थाहरुको जोखिम भारित सम्पत्ति अघिल्लो आर्थिक वर्षको तुलनामा १.९३ प्रतिशतले घटी रु.४ खर्ब ६४ अर्ब ७९ करोड कायम रहेको थियो ।

**तालिका ४**
**जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात**

| | | | | | रु.करोडमा |
|---|---|---|---|---|---|
| विवरण | २०७९ असार | २०८० असार | २०८१ असार | प्रतिशत परिवर्तन | |
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| कुल सम्पत्ति | ४७,५८३ | ४७,२४४ | ४९,५३५ | -०.७१ | ४.८५ |
| जोखिम भारित सम्पत्ति | ४७,३९१ | ४६,४७९ | ५०,२९१ | -१.९३ | ८.२० |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | ९९.६० | ९८.३८ | १०१.५३ | | |

### ३.१.३ लगानी

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल लगानीमा २०८० असार मसान्तको तुलनामा १७.२९ प्रतिशतले कमी आई रु.१ अर्ब १३ करोड रहेको देखिन्छ । २०८१ असार मसान्तमा सरकारी सुरक्षणमा रु.९८ करोड, शेयर तथा डिवेन्चरमा रु.१ करोड, मुद्दती निक्षेपमा रु.७ करोड तथा सूचिकृत नभएको शेयरमा रु.६ करोड लगानीमा रहेको देखिन्छ । २०८१ असार मसान्तमा शेयर तथा डिवेञ्चरमा लगानी भएको रकमको प्राथमिक पुँजीसँगको अनुपात ०.०२ रहेको छ भने अघिल्लो आर्थिक वर्षमा उक्त अनुपात ०.१५ रहेको थियो । लघुवित्त संस्थाहरुले यस बैंकको निर्देशन बमोजिम

संगठित संस्थाको शेयर तथा डिबेन्चरमा गरेको लगानी विनिवेष गर्नुपर्ने व्यवस्थाका कारण २०७९ असार मसान्तको तुलनामा क्रमश घट्दै गएको देखिन्छ ।

**तालिका ५**
**लगानी**

| | | | | | रु.करोडमा |
|---|---|---|---|---|---|
| **विवरण** | **२०७९ असार** | **२०८० असार** | **२०८१ असार** | **प्रतिशत परिवर्तन** | |
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| सरकारी सुरक्षणपत्र | ८१ | ८२ | ९८ | ०.७३ | १९.९९ |
| शेयर तथा डिवेन्चर | २९ | ८ | १ | (७२.१८) | (८७.०५) |
| मुद्दती निक्षेप | १३६ | ४० | ७ | (७०.६०) | (८१.७०) |
| सूचीकृत नभएको शेयर | ७ | ४ | ६ | (४३.६५) | ५१.२० |
| अन्य लगानी | – | २.५ | – | – | (२५०.०२) |
| **जम्मा लगानी** | **२५४** | **१३७** | **११३** | (४६.१३) | (१७.२९) |
| **प्राथमिक पुँजी** | **५,१४२** | **५,२५५** | **५,३१६** | | |
| **शेयर तथा डिवेञ्चर लगानी/ प्राथमिक पुँजी अनुपात** | **०.५६** | **०.१५** | **०.०२** | | |


## ३.१.४ कर्जा तथा सापटको वर्गीकरण

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा सापट गत आर्थिक वर्षको तुलनामा ५.३९ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ५५ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्ष कुल कर्जा सापटमा ३.८८ प्रतिशतले ह्रास आई रु.४ खर्ब ३२ अर्ब २५ करोड कायम रहेको थियो । त्यसैगरी, २०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा अघिल्लो वर्षको तुलनामा १८.६३ प्रतिशतले वृद्धि भई रु.२८ अर्ब ७३ करोड पुगेको छ । समीक्षा अवधिमा कुल कर्जा तथा सापटमा निष्क्रिय कर्जाको अनुपात ६.३१ प्रतिशत रहेको छ । निष्क्रिय कर्जाको अनुपात २०८० असार मसान्तमा ५.६० प्रतिशत रहेको थियो ।

**तालिका ६**
**कर्जा तथा सापटको वर्गीकरण**

| | | | | | रु.करोडमा |
|---|---|---|---|---|---|
| **विवरण** | **२०७९ असार** | **२०८० असार** | **२०८१ असार** | **प्रतिशत परिवर्तन** | |
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| सक्रिय कर्जा | ४३,६१२ | ४०,८०४ | ४२,६८४ | (६.४४) | ४.६१ |
| निष्क्रिय कर्जा | १,३६० | २,४२१ | २,८७३ | ७८.०९ | १८.६३ |
| **कुल कर्जा तथा सापट** | **४४,९७२** | **४३,२२५** | **४५,५५७** | (३.८८) | ५.३९ |
| कुल कर्जा नोक्सानी व्यवस्था | १,३७१ | १,९४९ | २,४३८ | | |
| कुल कर्जा नोक्सानी व्यवस्था र कुल कर्जा अनुपात | **३.०५** | **४.५१** | **५.३५** | | |
| निष्क्रिय कर्जा अनुपात | **३.०२** | **५.६०** | **६.३१** | | |

चार्ट ४
निष्क्रिय कर्जा अनुपात र कुल कर्जा नोक्सानी व्यवस्था





### ३.१.५ कर्जा/बचत तथा सापटी अनुपात

लघुवित्त वित्तीय संस्थाहरुको कर्जा र बचत तथा सापटी अनुपात २०८१ असार मसान्तमा १११.७२ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा सो अनुपात ११३.५७ प्रतिशत रहेको थियो । २०८१ असार मसान्तमा लिएको कुल बचत तथा सापटी २०८० असार मसान्तको तुलनामा ७.१४ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ७ अर्ब ७९ करोड पुगेको छ । त्यस्तै, कर्जा तथा सापट गत वर्षको तुलनामा ५.३९ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु.४ खर्ब ५५ अर्ब ५७ करोड पुगेको देखिन्छ ।

**तालिका ७**
**कर्जा/बचत तथा सापटी अनुपात**

| | | | | | रु.करोडमा |
|---|---|---|---|---|---|
| **विवरण** | **२०७९ असार** | **२०८० असार** | **२०८१ असार** | **प्रतिशत परिवर्तन** | |
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| कुल बचत तथा सापटी | ३८,३०९ | ३८,०६२ | ४०,७७९ | (०.६४) | ७.१४ |
| कर्जा तथा सापट प्रदान | ४४,९७२ | ४३,२२५ | ४५,५५७ | (३.८८) | ५.३९ |
| कर्जा र बचत तथा सापटी अनुपात (प्रतिशत) | **११७.३९** | **११३.५७** | **१११.७२** | | |

**चार्ट नं. ५**
**कर्जा/बचत तथा सापटी**




### ३.१.६ गैर-बैंकिङ सम्पत्ति

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको गैर-बैंकिङ सम्पत्ति रु.१३ लाख ३६ हजार रहेको देखिन्छ । २०७९ असार तथा २०८० असारको तुलनामा गैर बैकिङ सम्पत्तिमा कुनै परिवर्तन देखिएको छैन । गैर बैकिङ सम्पत्ति बापतको रकमको शतप्रतिशत नोक्सानी व्यवस्था गरेको देखिन्

**तालिका ८**
**गैर-बैंकिङ सम्पत्ति**

| | | | | | रु.करोडमा |
|---|---|---|---|---|---|
| विवरण | २०७९ असार | २०८० असार | २०८१ असार | प्रतिशत परिवर्तन | |
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| गैर-बैंकिङ सम्पत्ति | ०.१३ | ०.१३ | ०.१३ | – | – |
| गैर-बैंकिङ सम्पत्तिको लागि नोक्सानी व्यवस्था | ०.१३ | ०.१३ | ०.१३ | – | – |


### ३.१.७ प्रतिफलको स्थिति

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको तुलनामा २१.९४ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ५५ करोड रहेको देखिन्छ । आ.व. २०८०/८१ मा लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट लिने सापटी रकमको ब्याजदर घटेका कारण समग्रमा संस्थाहरुको ब्याज खर्चमा कमी आई खुद नाफा वृद्धि भएको देखिन्छ । २०८१ असार मसान्तमा ब्याज आम्दानी रु.६० अर्ब ३४ करोड, ब्याज खर्च रु.३४ अर्ब २५ करोड र संचालन आम्दानी रु.२६ अर्ब ३३ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल ५७ वटा संस्थाहरु मध्ये १६ वटा संस्था खुद नोक्सानीमा रहेकोमा यस आर्थिक वर्षमा कुल ५२ वटा संस्थाहरुमध्ये १३ वटा संस्था खुद नोक्सानीमा रहेको देखिन्छ ।

तालिका ९
**प्रतिफलको स्थिति**

| विवरण | २०७९ असार | २०८० असार | २०८१ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| | | | | | रु.करोडमा |
| ब्याज आम्दानी | ५,९९५ | ६,११२ | ६,०३४ | १.९६ | (१.२९) |
| ब्याज खर्च | ३,०५६ | ३,५८७ | ३,४२५ | १७.३६ | (४.५२) |
| संचालन आम्दानी | ३,६९८ | २,१८५ | २,६३३ | (४०.९१) | २०.५१ |
| खुद नाफा/नोक्सान | ९२९ | ३७३ | ४५५ | (५९.८२) | २१.९४ |

चार्ट नं. ६
**प्रतिफलको स्थिति**




### ३.१.८ अनिवार्य नगद मौज्दात

लघुवित्त वित्तीय संस्थाहरुले गत महिनाको कुल बचत तथा सापटीको ०.५ प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थाहरुले दैनिक मौज्दातको आधारमा कायम हुन आउने मासिक औषतलाई आधार मानी अनिवार्य नगद मौज्दातको गैरस्थलगत अनुगमन गर्ने गरिएको छ । २०८१ असार मसान्तमा सो प्रयोजनको लागि नेपाल राष्ट्र बैंक तथा “क” वर्गको वाणिज्य बैंकमा कायम गरेको मौज्दात रकम क्रमशः रु. २ अर्ब ४८ करोड र रु.९१ करोड रहेको छ भने अघिल्लो महिनाको अन्त्यमा कुल बचत तथा सापटीको रकम रु.३ खर्ब ८१ अर्ब ५३ करोड रहेकोले अनिवार्य मौज्दात अनुपात ०.८९ प्रतिशत कायम गरेको देखिन्छ ।

तालिका १०
अनिवार्य नगद मौज्दात

| विवरण | २०७९ असार (१) | २०८० असार (२) | २०८१ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| | | | | | रु.करोडमा |
| नेपाल राष्ट्र बैंक मौज्दात | १७९ | २६८ | २४८ | ४९.५४ | (७.३५) |
| "क"वर्गका बैंकमा रहेको मौज्दात | १७८ | २१३ | ९१ | १९.२५ | (५७.२३) |
| **कुल अनिवार्य मौज्दात रकम** | **३५७** | **४८०** | **३३९** | ३४.४१ | (२९.४५) |
| कुल बचत तथा सापटी (अघिल्लो महिनाको) | ३८,३२२ | ३५,८६४ | ३८,१५३ | (६.४१) | ६.३८ |
| **अनिवार्य मौज्दात अनुपात** | **०.९३** | **१.३४** | **०.८९** | | |

## ३.१.९ तरलता

लघुवित्त वित्तीय संस्थाहरुले सोही महिनाको कुल बचत दायित्वको २.५ प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा ४ प्रतिशत वैधानिक तरलता अनुपात) तरल सम्पत्ति अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थाहरुको दैनिक मौज्दातको आधारमा कायम हुन आउने मासिक औषतलाई आधार मानी तरलता अनुपातको गैरस्थलगत अनुगमन गर्ने गरिएको छ । २०८१ असार मसान्तमा सो प्रयोजनको लागि नगद, बैंक तथा वित्तीय संस्थामा कायम गरेको मौज्दात र सरकारी सुरक्षणपत्रमा गरेको लगानी रकम समेत गरी रु.३६ अर्ब ६४ करोड रहेको छ भने अघिल्लो महिनाको अन्त्यमा लघुवित्त वित्तीय संस्थाहरुको कुल बचत रकम रु.१ खर्ब ६० अर्ब रहेकोले उक्त अनुपात २१.५५ प्रतिशत हुन आउने देखिन्छ । कर्जा मागमा आएको कमीका कारण संस्थाहरुको लगानीयोग्य रकम बैंक तथा वित्तीय संस्थामा जम्मा भएको देखिन्छ ।

तालिका ११
तरलता

| विवरण | २०७९ असार (१) | २०८० असार (२) | २०८१ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| | | | | | रु.करोडमा |
| नगद | ३७ | ९९ | ४४ | १६७.२७ | (५५.६९) |
| बैंक तथा वित्तीय संस्था मौज्दात | १,६३२ | २,८५३ | ३,५२२ | ७४.७८ | २३.४३ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ८१ | ८२ | ९८ | ०.७३ | १९.९९ |
| **कुल तरल सम्पत्ति** | **१,७५१** | **३,०३४** | **३,६६४** | ७३.२९ | २०.७६ |
| कुल बचत (अघिल्लो महिनाको) | १७,८३६ | १९,३५५ | १७,००० | ८.५२ | (१२.१७) |
| तरल सम्पत्ति/कुल बचत (प्रतिशत) | **९.८२** | **१५.६८** | **२१.५५** | ५९.६९ | ३७.४९ |

## ३.१.१० भारित औषत ब्याजदर अन्तर

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कर्जामा प्राप्त गर्ने भारित औषत ब्याजदर १४.२७ प्रतिशत रहेको देखिन्छ भने सो अवधिमा संस्थाहरुको कोषको लागत (बचत तथा सापटीमा प्रदान गरेको भारित औषत ब्याजदर) ९.१३ प्रतिशत रहेको देखिन्छ जस अनुसार लघुवित्त वित्तीय संस्थाहरुको भारित औषत ब्याजदर अन्तर ५.१४ प्रतिशत रहेको देखिन्छ । आ.व. २०८०/८१ मा

यस्तो अन्तर ३.९५ रहेको थियो । लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट लिने सापटी रकमको ब्याज दर घटेका कारण अघिल्लो आ.व.को तुलनामा कोषको लागत घटन गई ब्याजदर अन्तर बढेको देखिन्छ ।

**तालिका १२**
**भारित औषत ब्याजदर अन्तर**

(प्रतिशतमा)

| विवरण | २०७९ असार | २०८० असार | २०८१ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| औषत ब्याजदर आम्दानी(%) | १४.५४ | १४.३९ | १४.२७ | (१.०४) | (०.८४) |
| कोषको लागत( Cost of Fund)(%) | ९.२० | १०.४४ | ९.१३ | १३.५२ | (१२.५९) |
| औषत ब्याजदर अन्तर (%) | ५.२५ | ३.९५ | ५.१४ | (२४.८६) | ३०.२७ |

### ३.१.११ वित्तीय स्रोत (सापटी लिएको तथा बचत) परिचालन

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको बचत रु.१ खर्ब ७६ अर्ब १८ करोड र सापटी रु.२ खर्ब ३१ अर्ब ६१ करोड गरी जम्मा रु.४ खर्ब ७ अर्ब ७९ करोड कुल वित्तीय स्रोत परिचालित रहेको छ । उक्त रकम २०८० असार मसान्तको कुल वित्तीय स्रोत रु.३ खर्ब ८० अर्ब ६२ करोडको तुलनामा ७.१४ प्रतिशतले वृद्धि भएको देखिन्छ । लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत सङ्कलन अनुपात २०८० असार मसान्तमा प्राथमिक पुँजीको ७.६३ गुणा रहेकोमा २०८१ असार मसान्तमा सो अनुपात ७.६७ गुणा रहेको देखिन्छ ।

**तालिका १३**
**वित्तीय स्रोत परिचालन**

(करोडमा)

| विवरण | २०७९ असार | २०८० असार | २०८१ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| (क) बचत | १५,८९७ | १६,७०६ | १७,६१८ | ५.०९ | ५.४६ |
| (ख) सापटी | २२,४१२ | २१,३५६ | २३,१६१ | (४.७१) | ८.४५ |
| **कुल वित्तीय स्रोत** | **३८,३०९** | **३८,०६२** | **४०,७७९** | (०.६४) | ७.१४ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास ) | ५,३६४ | ४,९९० | ५,३१४ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **७.१४** | **७.६३** | **७.६७** | | |

### ३.१.१२ लघु उद्यम (धितो) कर्जा/कुल कर्जा अनुपात

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुले लघु उद्यम धितो कर्जा अन्तर्गत रु. ७५ अर्ब ७५ करोड प्रवाह गरेको र उक्त कर्जा कुल कर्जाको १६.६३ प्रतिशत रहेको देखिन्छ । खुद्रा कर्जा प्रदायक लघुवित्तको कुल कर्जामा धितो कर्जाको अंश १८.६३ प्रतिशत रहेको देखिन्छ । २०८० असार मसान्तमा यस प्रकारको कर्जा रु.७६ अर्ब ४५ करोड रहेको थियो भने कुल कर्जासँगको अनुपात १७.६९ प्रतिशत रहेको थियो ।

तालिका १४

लघु उद्यम (धितो) कर्जा/कुल कर्जा अनुपात

(करोडमा)

| विवरण | २०७९ असार (१) | २०८० असार (२) | २०८१ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| समुह कर्जा | २९,३२८ | २७,२१६ | २८,८४० | (७.२०) | ५.९७ |
| लघु उद्यम कर्जा | ७,१३० | ७,६४५ | ७,५७५ | ७.२२ | (०.९२) |
| अन्य कर्जा | ८,५१४ | ८,३६४ | ९,१४२ | (१.७५) | ९.३० |
| **कुल कर्जा** | **४४,९७१** | **४३,२२४** | **४५,५५६** | | |
| **लघु उद्यम कर्जा र कुल कर्जा अनुपात** | **१५.८५** | **१७.६९** | **१६.६३** | | |

## ३.२ निर्देशन अनुपालनाको स्थिति

यस बैंकबाट जारी गरिएका निर्देशनहरु, परिपत्रहरु आदिका आधारमा विभागको गैरस्थलगत फाँटबाट गैरस्थलगत सुपरिवेक्षण हुँदै आएको छ । यस फाँटबाट लघुवित्त संस्थाहरुले पेश गर्ने अनलाइन रिर्पोटिङ्गका आधारमा विभिन्न वित्तीय विवरणहरु विश्लेषण गर्ने गरिएको छ । उक्त विश्लेषणका आधारमा यस फाँटबाट प्रत्येक त्रयमासमा त्रैमासिक प्रतिवेदन, लघुवित्त संस्थाहरुको प्रगति विवरण समेत तयार गरी प्रकाशन गर्ने गरिएको छ। लघुवित्त संस्थासँग सम्बन्धित प्रमुख सूचक/शीर्षकहरुको अनुपालनाको स्थिति देहाय बमोजिम रहेको देखिन्छ।

### ३.२.१ पुँजीकोष

यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १/०७९ को बुँदा नं. १ मा लघुवित्त वित्तीय संस्थाले कुल जोखिम भारित सम्पत्तिको न्यूनतम ४ प्रतिशत प्राथमिक पुँजी र ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा तोकिएको पुँजीकोष कायम गर्न नसकेका कारण शीघ्र सुधारात्मक कारवाही गरिएको लघुवित्त वित्तीय संस्थाको विवरण देहाय बमोजिम रहेको छ।

**शीघ्र सुधारात्मक कारवाही गरिएका संस्थाहरुको विवरण**

| क्र.सं | लघुवित्त वित्तीय संस्थाहरुको नामावली | पुँजीकोष कायम नगरेको अवधि |
|---|---|---|
| १ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि., बनेपा, काभ्रेपलाञ्चोक | २०८० चैत |

यस बैंकको मिति २०७९/०५/१५ को निर्णयबमोजिम सुपर लघुवित्त वित्तीय संस्था लि., तुलसीपुर, दाङलाई समस्याग्रस्त वित्तीय संस्था घोषित गरी मिति २०७९/१०/२३ बाट यस बैंकको नियन्त्रणमा लिई सञ्चालन भैरहेको । उक्त संस्था मिति २०८०/०५/१५ बाट यस बैंकबाट खुला प्रतिष्पर्धाबाट छनौट गरी नियुक्त गरिएका नियुक्त अधिकारी (संयोजक-१ तथा सदस्य-१) मार्फत सञ्चालन भैरहेको छ । निजहरुलाई तोकिएको कार्यादेशसहित १ (एक) वर्षको लागि नियुक्त गरिएकोमा मिति २०८१।०५।१५ मा ६ महिनाको लागि तथा २०८१/११/१५ मा अन्तिम पटकका लागि थप ६ महिनाका लागि नियुक्त गरिएको छ।

### ३.२.२ वित्तीय स्रोत संकलन

यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १५/०७९ को बुँदा नं १(क) मा भएको व्यवस्था बमोजम अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक

पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत संकलन गर्न पाउने व्यवस्था रहेकोमा २०८१ असार मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूले सो निर्देशनको पालना गरेको देखिन्छ ।

### ३.२.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ बमोजिम प्रत्येक त्रयमासमा कर्जा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेमा २०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाले असल कर्जाको लागि १.३ प्रतिशत, सुक्ष्म निगरानी तथा पुनरतालिकीकरण र पुनरसंरचनाको लागि ५ प्रतिशत, कमसल कर्जाको लागि २५ प्रतिशत, शंकास्पद कर्जाको लागि ५० प्रतिशत र खराब कर्जाको लागि १०० प्रतिशत नोक्सानी व्यवस्था तथा वीमित कर्जाका हकमा न्यूनतम नोक्सानी व्यवस्थाको २५ प्रतिशत रकम नोक्सानी वापत कायम गरे पुग्ने व्यवस्था रहेकोमा सो पालना गरेको देखिन्छ । २०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुले कुल कर्जा नोक्सानी व्यवस्था वापत रु.२४ अर्ब ३८ करोड कायम गरेको देखिन्छ। यो रकम कुल कर्जाको ५.३५ प्रतिशत रहेको छ।

### ३.२.४ निष्कृय कर्जा अनुपात

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको औषत निष्कृय कर्जा अनुपात ६.३१ प्रतिशत रहेको देखिन्छ। देहायका संस्थाहरुको निष्कृय कर्जा १० प्रतिशतभन्दा बढी रहेको देखिन्छ।

| क्र.सं. | संस्थाको नाम | निष्कृय कर्जा अनुपात |
|---|---|---|
| १. | सुपर लघुवित्त वित्तीय संस्था लि. | ९९.९५% |
| २. | नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २६.४१% |
| ३. | यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लि. | १७.४२% |
| ४. | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि. | १३.७३% |
| ५. | एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ११.८८% |
| ६. | समता घरेलु लघुवित्त वित्तीय संस्था लि. | १०.९२% |
| ७. | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. | १०.६०% |
| ८. | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. | १०.४१% |

### ३.२.५ धितो कर्जा र कुल कर्जा अनुपात

यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन २०७९ को निर्देशन नं. ३/०७९ को बुँदा नं.२(घ) मा भएको व्यवस्था बमोजिम लघुवित्त वित्तीय संस्थाहरुले आफुले प्रदान गरेको कुल कर्जाको एक-तिहाईमा नबढ्ने गरी धितो लिई लघु उद्यम कर्जा प्रदान गर्न सक्ने व्यवस्था रहेकोमा २०८१ असार मसान्तमा सबै संस्थाहरुले प्रवाह गरेको धितो कर्जा कुल कर्जाको एक तिहाईभन्दा बढी नरहेको देखिन्छ । २०८१ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा धितो कर्जाको अनुपात १८.६३ प्रतिशत रहेको देखिन्छ।

### ३.२.६ सेवा शूल्क सम्बन्धमा

वार्षिक साधारण सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि यस विभागमा पेश भएका लघुवित्त वित्तीय संस्थाहरुको आ.व. २०८०/८१ का वित्तीय विवरणहरु विश्लेषण गर्ने क्रममा यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १९/०७९ को बुँदा नं. २ मा भएको व्यवस्थाको मर्म विपरीत रु. ७४ करोड ४५ लाख

अत्तिरिक्त सेवा शूल्क असुल गरेको देखिन आएकोले उक्त रकम सम्बन्धित ऋणीको खातामा फिर्ता गर्न निर्देशन दिइएको छ ।

### ३.२.७ अनिवार्य नगद मौज्दात अनुपात

यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १२/०७९ को बुँदा नं.१(१) बमोजिम लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत दायित्वको ०.५ प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

### ३.२.८ तरल सम्पत्ति अनुपात/वैधानिक तरलता अनुपात

यस बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १२ को बुँदा नं.२(१) र ३ बमोजिम सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने “घ” वर्गको लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत दायित्वको २.५ प्रतिशत तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने “घ” वर्गको लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल निक्षेप दायित्वको ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गनुपर्ने व्यवस्था रहेकोमा आ.व.२०८०▯८१ मा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

### ३.२.९ कर्जामा औषत ब्याजदर प्रतिशत

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १४/०७९ को बुँदा नं.२(क) बमोजिम लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम १५ प्रतिशतसम्म निर्धारण गर्न सक्ने व्यवस्था रहेकोमा सम्पूर्ण संस्थाहरुले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

### ३.२.१० नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा

यस बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं.९/०७९ बमोजिम तथ्यांक विवरणहरु यस बैंकमा पेश गर्नु पर्ने व्यवस्था रहेकोमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले आवश्यक कागजात तथा वित्तीय विवरणहरु पठाउने गरेको देखिन्छ । केही संस्थाहरुले तोकिएको समयमा वित्तीय विवरण पेश गर्ने नगरेकोमा ताकेता गरी प्राप्त गर्ने गरेको छ । साथै , लघुवित्त वित्तीय संस्थाहरुबाट Supervisory Information system(SIS) मार्फत समेत तथ्यांक प्राप्त गर्न थालिएको तथा अधिकांश प्रतिवेदनहरु नियमितरुपमा पेश हुन थालेको छ । प्राप्त हुन नसकेको खण्डमा ताकेता गरी प्राप्त गर्ने गरिएको छ ।

## ३.३ वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्दा दिइएका निर्देशनहरु

लघुवित्त वित्तीय संस्थाहरुको बाह्य लेखापरीक्षण प्रतिवेदनको आधारमा गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गरी वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा विभिन्न ऐनहरु तथा यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन तथा समय समयमा जारी भएका परिपत्रहरु बमोजिम देहायका मुख्य मुख्य निर्देशनहरु दिइएको छ ।साथै ,

### ३.३.१ पुँजी तथा पुँजीकोष सम्बन्धी निर्देशन

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ को उपदफा (१) मा उल्लेख भए बमोजिम संस्थामा सर्वसाधारणको शेयर स्वामित्व अनुपात कम्तीमा ३० प्रतिशत कायम गर्नु हुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १ को बुँदा नं. १२ उपबुँदा नं.३ (ख)मा भएको व्यवस्था बमोजिम कार्यक्षेत्र कायम गर्ने सम्बन्धमा भएको प्रगति विवरण पेश गर्नुहुन ।

### ३.३.२ कर्जा सम्बन्धी निर्देशनः

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ३/०७९ को बुँदा नं. २ मा भएको व्यवस्था बमोजिम एकल ग्राहक कर्जा सीमा ननाघ्ने गरी मात्र कर्जा प्रवाह गर्नु हुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी भएको एकीकृत निर्देशन २०७९, को निर्देशन नं. ३/०७९ को बुंदा नं. २ (ग) बमोजिम समूहमा आवद्ध भएको सदस्यलाई एकै अवधिमा समूह कर्जा वा धितो कर्जामध्ये कुनै एक कर्जा मात्र प्रवाह गर्नुपर्ने व्यवस्था पूर्ण रुपमा लागू गर्नुहुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन ३/०७९ को बुँदा नं. २(ज) मा भएको व्यवस्था बमोजिम सीमा भन्दा बढी प्रवाह भएको कर्जा पहिचान गरी सीमा भित्र कायम गराउनुहुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन २०७९ को निर्देशन नं.६/०७९ को निर्देशन नं. ६(४) बमोजिमको जोखिम व्यवस्थापन समितिलाई निष्क्रिय कर्जा घटाउने तर्फ थप सक्रिय र प्रभावकारी बनाउनु हुन । साथै, संस्थामा निष्क्रिय कर्जा अनुपात बढ्दै गएको सन्दर्भमा निष्क्रिय कर्जा व्यवस्थापन गर्न आवश्यक योजना पेश गर्नु हुन ।

### ३.३.३ संस्थागत सुशासन सम्बन्धी निर्देशन

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम संस्थाले स्वतन्त्र सञ्चालक नियुक्त गर्नु हुन ।
- कम्पनी ऐन, २०६३ को दफा ८६(२) मा भएको व्यवस्था बमोजिम महिला सञ्चालक नियुक्त गरी जानकारी गराउनुहुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ६/०७९ को बुँदा नं. २ को उपबुँदा नं. (ग) मा उल्लेख भएबमोजिम System Audit गराउनु हुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ६/०७९ को बुँदा नं. ६ को उपबुँदा नं. (२) मा व्यवस्था भएबमोजिम लेखापरीक्षण समितिको बैठक ३ महिनामा कम्तीमा एक पटक बस्ने गर्नु हुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ६/०७९ को निर्देशन नं. २(ग) बमोजिम संस्थाले कम्तीमा २ वर्षमा सबै शाखा कार्यालयहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने व्यवस्थाको पूर्णपालना गर्नुहुन ।

### ३.३.४ वित्तीय विवरण तथा कोषहरुसँग सम्बन्धित निर्देशनहरुः

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ४/०७९ को बुँदा नं. १(छ) मा भएको व्यवस्था बमोजिम वार्षिक वित्तीय विवरणहरु यथासमयमै यस बैंकसमक्ष पेश गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ६/०७९ को बुँदा नं. ५ मा संस्थाले आफ्ना कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कर्मचारीको कुल तलबभत्ता खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु हुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ४/०७९ को बुँदा नं. १ उपबुँदा नं. (ज) (आ) मा उल्लेख भएबमोजिमका क्षेत्रमा भएका खर्चहरुलाई मात्र ग्राहक संरक्षण कोषमा खर्च लेखाङकन गर्नहुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ४/०७९ को बुँदा नं. १ उपबुँदा नं. (ज) (आ) मा उल्लेख भएबमोजिम ग्राहक संरक्षण कोषमा खर्च नभएको रकम Earmark गरी छुट्टै लगानी गर्नु हुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ८/०७९ को बुँदा नं. २ बमोजिम हुनेगरी संगठित संस्थाको शेयरमा गरेको लगानी तीन महिनाभित्र विनिवेश गर्नुहुन ।

### ३.३.५ ब्याजदर तथा सेवा शुल्क सम्बन्धी निर्देशनहरु

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १९/०७९ को बुँदा नं. २ मा भएको व्यवस्था बमोजिम मात्र सेवा शुल्क लिने गर्नु हुन ।

### ३.३.६ कर्जा सूचना सम्बन्धी निर्देशनहरु

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन,२०७९ को निर्देशन नं. ११/०७९ को बुँदा नं.३ मा भएको व्यवस्था बमोजिम कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिने व्यवस्था मिलाउनुहुन ।
- संस्थाको वित्तीय विवरणमा रहेको कर्जाको विवरण कर्जा सूचना केन्द्रको कर्जा विवरणसँग एकरुपता हुने गरी आवधिक रुपमा Reconcile गर्नु हुन ।

### ३.३.७ अन्य निर्देशनहरुः

- नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १०/०७९ को बुँदा नं. ६ बमोजिम इजाजतपत्रप्राप्त कुनै एक संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा २५ प्रतिशत र अन्य इजाजतपत्रप्राप्त संस्थाको संस्थापक शेयरमा चुक्ता पुँजीको १० प्रतिशत मात्र लगानी गर्न सकिने व्यवस्था रहेकोले उक्त संस्थाले उल्लिखित सीमाभन्दा बढी संस्थापक शेयर धारण गरे/नगरेको यकीन गरी सो सीमाभन्दा बढी भएमा सो सीमाभित्र नल्याएसम्म प्रस्तावित लाभांश(नगद तथा बोनस शेयर) वितरण रोक्का राख्ने व्यवस्था मिलाउनु हुन ।
- नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरुलाई जारी भएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं.१८/०७९ पुर्ण रुपमा पालना गर्नुहुन ।

# खण्ड (४)
# विशेष तथा अनुगमन निरीक्षण

## ४.१ विशेष तथा अनुगमन निरीक्षण

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ बमोजिम गैर-स्थलगत सुपरिवेक्षण, प्रतिवेदन कार्यान्वयन फाँट, सार्वजनिक सञ्चार माध्यम, विभिन्न सरकारी एवम् अन्य निकायहरुको अनुरोध/निर्देशन/आदेश, उजुरी एवम् अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा कुनै संस्थामा निक्षेपकर्ताको हित विपरित कार्य भइरहेको वा अनियमितता भइरहेको वा संस्था सुचारू रूपले सञ्चालन नभएको वा सर्वसाधारणलाई गलत सूचना प्रवाह गरिरहेको वा जोखिम विवरण (रिस्क प्रोफाईल) मा अप्रत्यासित परिवर्तन भएको भन्ने विभागलाई लागेमा त्यस्तो लघुवित्त वित्तीय संस्थाको जोखिमका क्षेत्रहरु समेटी विशेष निरीक्षण कार्य गर्ने तथा यस्तो निरीक्षण आकस्मिक रुपमा पनि गर्न सकिने व्यवस्था गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा आवश्यकता अनुसार लघुवित्त वित्तीय संस्थाहरुको विशेष स्थलगत निरीक्षण गर्ने कार्य योजना रहेकोमा सो अवधिमा देहाय बमोजिमको ३ वटा लघुवित्त वित्तीय संस्थाहरुको विशेष स्थलगत निरीक्षण सम्पन्न गरिएको छ ।

**तालिका १५**
**आर्थिक वर्ष २०८०/८१ मा विशेष निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्थाहरुको विवरण**

| सि.नं. | संस्थाको नाम | कार्यदिन | देखि | सम्म |
|---|---|---|---|---|
| १ | निर्धन उत्थान ल.वि.संस्था लि., | नक्साल, काठमाडौं | २०८०/०५/२४ | २०८०/०५/२४ |
| २ | सुपर लघुवित्त वित्तीय संस्था लि., | तुलसीपुर, दाङ | २०८०/०८/२४ | २०८०/०८/२५ |
| ३ | कालिका लघुवित्त वित्तीय संस्था लि., | पोखरा, कास्की | २०८०/०९/१९ | २०८०/०९/२० |

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमवली, २०७४ मा स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सुधार गर्न दिईएका निर्देशनहरुको कार्यान्वयनको सम्बन्धमा बैंक वा वित्तीय संस्थाले पेश गरेको कागजात प्रति विभाग विश्वस्त हुन चाहेमा वा विभागले अनुगमन निरीक्षण आवश्यक ठानेमा बैंक वा वित्तीय संस्थामा गई वा विस्तृत विवरण वा सूचनाहरू विभागमा झिकाई अनुगमन निरीक्षण कार्य गर्न सक्ने व्यवस्था गरिएको छ । आ.व.२०८०/८१ मा ८ वटा संस्थाको अनुगमन निरीक्षण गर्ने कार्ययोजना रहेकोमा कुनै पनि संस्थाको अनुगमन निरीक्षण कार्य नभएको ।

# खण्ड (५)
# कार्यान्वयन (Enforcement)

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण, विशेष निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षणका क्रममा दिइएका निर्देशनहरुको पालना भए/नभएको सम्बन्धमा यस विभागको कार्यान्वयन फाँटबाट अनुगमन गर्ने गरिएको छ । अनुगमनका क्रममा विभागको कार्यान्वयन इकाईमार्फत नियमित रुपमा तीनमहले कार्यान्वयन प्रतिवेदन तयार गरी कार्यान्वयन हुन बाँकी रहेका कैफियतहरुको सम्बन्धमा थप निर्देशनहरु दिने गरिएको छ । साथै, वित्तीय संस्थाको समग्र विवरणसहितको अर्द्धवार्षिक कार्यान्वयन प्रतिवेदन समेत तयार गर्ने गरिएको छ ।

## ५.१ कार्यान्वयन हुन बाँकी मुख्य कैफियतका निर्देशनहरुः

- कर्मचारी सेवा सुविधा समितिबाट जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्ति विकास, कार्य सम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्ध सम्बन्धी योजना , नीति तथा मापदण्डहरु तयार गर्ने, कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी सञ्चालक समिति समक्ष पेश गर्न ।
- वित्तीय संस्थामा रिक्त रहेका व्यवस्थापकीय तहका पदहरु रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गर्नुहुन ।
- Reputation Risk, Strategic Risk, AML/CFT Risk, Legal Risk जस्ता जोखिमहरुको पहिचान गरी उक्त जोखिम व्यवस्थापन गर्न पर्याप्त नीति, कार्यविधि तर्जुमा गर्नुहुन ।
- जोखिम व्यवस्थापनका लागि Disaster Recovery Plan र Business Continuity Plan तर्जुमा गर्नुहुन ।
- यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं ६/०७९ को बुँदा नं ६ मा व्यवस्था भए अनुसार गठन भएका लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समितिलाई तोकिएको काम कर्तब्य र उत्तरदायित्व अनुसार सञ्चालक समितिलाई सुझाव उपलब्ध गराउनु हुन र यी आन्तरिक समिति/ उपसमितिहरुलाई थप क्रियाशील बनाउनुहुन ।
- नियमानुसार स्वतन्त्र सञ्चालकको अविलम्ब नियुक्त गरी यस बैंकलाई जानकारी दिनुहुन ।
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम संस्थाको सर्वसाधारण तर्फको शेयर स्वामित्व ३० प्रतिशतभन्दा कम भएको हुँदा निर्देशनअनुरुप चुक्ता पुँजी कायम गरी जानकारी दिन ।
- संस्थाबाट प्रवाह हुने कर्जाको प्रयोजन तथा भाखा अवधिवीच तालमेल हुने गरी संस्थाको सम्बन्धित कार्यविधिहरुमा आवश्यक संशोधन गरी लागु गर्नुहुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ३/०७९ को बुँदा नं. २ मा एउटा धितोका आधारमा एक भन्दा बढी व्यक्तिलाई कर्जा प्रवाह गर्न पाइने छैन । साथै, लघुवित्त वित्तीय संस्थाले यस व्यवस्था बमोजिमको कर्जा सीमा नघाघ्ने गरी कर्जा प्रवाह गर्नु पर्नेछ भन्ने व्यवस्थाको पूर्णरुपमा पालना गर्नुहुन ।

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १५/०७९ को बुँदा न. ३ (१) क बमोजिम कर्जा प्रवाह गर्दा ऋणबाट कट्टा गरी अनिवार्य वचत लिने कार्य अविलम्ब बन्द गर्नुहुन ।

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ६/०७९ को बुँदा नं. ९(क) मा भएको व्यवस्था बमोजिम संस्थाका सम्पूर्ण सञ्चालकहरुको Police Clearance Report लिई फाइल अद्यावधिक गर्नुहुन ।

- ऋणी र ऋणीको परिवारको बीमा गराउँदा सेवा प्रदायकहरुले प्रदान गर्ने सेवा र दरको तुलनात्मक अध्ययन गरी ऋणीको हितमा हुने गरी कार्य गर्नुहुन ।

- यस बैंकको निर्देशन बमोजिम तोकिएका तथ्याङ्क विवरणहरु नियमित रुपमा Supervisory Information System मा समेत पठाउने व्यवस्था गर्नुहुन ।

- Business Continuity and Disaster Recovery Planning Policy, Information Security Education Policy, IT Risk and Compliance Management Policy लगायत सूचना प्रविधि सम्बन्धी बनाउन बाँकी रहेका नीति तथा कार्यविधि तयार गरी जानकारी गराउनुहुन ।

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ३ को बुँदा नं. २ (क) र (ग) विपरीत हुने गरी कर्जा स्वीकृत गर्ने कार्यमा संलग्न कर्मचारीहरूलाई संस्थाको कर्मचारी सेवा विनियमावली बमोजिम कारवाही गरी ३ महिनाभित्र यस बैकलाई जानकारी दिनुहुन ।

- राष्ट्रियस्तरका संस्थाले कम्तीमा तीन वर्षमा एक पटक System Audit गराउनुपर्नेछ भन्ने व्यवस्थाको पालना गरी System Audit गरिएको प्रतिवेदन पेश गर्नुहुन ।

- KYC फाइलमा सदस्यहरुको सम्पूर्ण आवश्यक कागजातहरु अद्यावधिक गर्नुहुन ।

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ४/०७९ को बुँदा २ को उपबुँदा ज(आ) मा भएको निर्देशनको मर्म अनुरुप हुन गरी ग्राहक संरक्षण कोषबाट खर्च गर्नुहुन ।

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ७/०७९ को बुँदा नं. ५ बमोजिम संस्थाले विद्यमान नीति, नियम तथा कानूनी प्रावधानको दायराभित्र कार्य सम्पादन गरी आन्तरिक नियन्त्रण प्रणालीमा प्रभावकारिता ल्याउन ।

- संस्थाले आफ्ना सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु र निजका परिवारको नाममा रहेको चलअचल सम्पत्ति र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र अद्यावधिक गरी राख्न ।

- संस्थाले निष्क्रिय कर्जा व्यवस्थापनका लागि तयार गरेको कार्य योजनाको कार्यन्वयन तथा सो सम्बन्धमा भए/गरेका कार्यको नियमित अनुगमन गर्नुहुन ।

- संस्थाको Matching Error / Validation error का कारण अद्यावधिक नभएको कर्जा रकमको हिसाब मिलान गर्न कर्जा सूचना केन्द्रमा नियमति पत्राचार गरी हिसाब मिलान कार्य जारी राख्नुहुन ।

- कर्जा प्रवाह गर्नुपूर्व कर्जा सूचना केन्द्रबाट अनिवार्यरुपले कर्जा सूचना प्राप्ति पश्चात् मात्र कर्जा प्रवाह गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. ५/०७९ मा भएको व्यवस्था बमोजिम आवश्यक नीति तथा कार्यविधि तयार गरी सो अनुकुलको सांगठनिक संरचना समेत बनाई यथाशीघ्र जोखिम हेर्न छुट्टै विभाग तथा विभागीय प्रमुखको व्यवस्था गर्नुहुन ।

# खण्ड (६)
# नीति, योजना र आन्तरिक प्रशासन

## ६.१ नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि

यस विभागबाट लघुवित्त वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण एवम् गैरस्थलगत सुपरिवेक्षण सम्बन्धी सम्पूर्ण कार्यहरु हुँदै आएको छ । यस विभागमा आर्थिक वर्ष २०८०/८१ का लागि कार्यकारी निर्देशक १, निर्देशक २, उप-निर्देशक ११, सहायक निर्देशक २१, प्रधान सहायक ४, सहायक २ र कार्यालय सहयोगी १ गरी कुल ४२ जना कर्मचारीको दरवन्दी रहेकोमा २०८१ असार मसान्तमा कार्यकारी निर्देशक १, निर्देशक २, उप-निर्देशक १७, सहायक निर्देशक २०, प्रधान सहायक ५, सहायक ३ तथा कार्यालय सहयोगी १ (करार) गरी कुल ४९ जना कर्मचारी कार्यरत रहेका छन् ।

यस विभागको उद्देश्य हासिल गर्न देहाय बमोजिमका ईकाइहरुको संरचना तयार गरी विभागका कार्यहरु सम्पादन भइरहेको छ ।

(क) आन्तरिक प्रशासन

(ख) गैरस्थलगत सुपरिवेक्षण फाँट (१, २, ३, ४ र ५)

(ग) कार्यान्वयन फाँट (१, २, ३, ४, ५, ६, ७, ८, ९ र १०)

(घ) नीति योजना तथा गुनासो सुनुवाई फाँट

विभागको लागि आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने वार्षिक कार्य योजनाको प्रस्ताव तयार गर्ने, मौद्रिक नीति, वित्तीय क्षेत्र रणनीति, बैंकको चालु रणनीतिक योजनाको सम्बन्धमा आवश्यक प्रस्तावहरु तयार पार्ने, विभागीय प्रगति विवरणहरु तयार गर्ने तथा सञ्चालक समितिबाट भएको निर्णयको कार्यान्वयन स्थितिको विवरणहरु त्रैमासिक रुपमा तयार गर्ने, ऋणी र ग्राहकबीचको गुनासोको व्यवस्थापन गर्ने कार्य नीति योजना तथा गुनासो सुनुवाई फाँटले गर्दै आएको छ ।


त्यसैगरी, आन्तरिक प्रशासन फाँटले स्वीकृत वार्षिक कार्ययोजना अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्ने, लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण, लक्षित निरीक्षण, अनुगमन तथा विशेष निरीक्षण एवम् भौतिक पूर्वाधार निरीक्षण गराउने, विभागसँग सम्बन्धित पत्राचारहरु गर्ने, विभागका कर्मचारीहरुको हाजिरी, बिदा तथा काज सरुवाको अभिलेख राख्ने र दैनिक विभागीय कार्य सञ्चालन सम्बन्धमा आवश्यक कार्यहरु सम्पादन गरी त्यस्ता काम कारवाहीहरुको अभिलेख अद्यावधिक राख्ने, समष्टिगत स्थलगत निरीक्षण, लक्षित स्थलगत निरीक्षण, विशेष तथा अनुगमन निरीक्षण कार्यका लागि कर्मचारीहरु खटाई भ्रमण आदेश जारी गर्ने जस्ता कार्यहरु गर्दै आइरहेको छ ।

साथै, स्वीकृत कार्ययोजना बमोजिम लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, उच्च व्यवस्थापन तहका कर्मचारीहरु लगायत अन्य कर्मचारीहरुसँग संस्थागत सुशासन, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन सम्बन्धमा साथै सम्पत्ति शुद्धीकरण, जोखिम व्यवस्थापन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम र बैंकबाट जारी एकीकृत निर्देशन, प्रचलित ऐन, नियम तथा सुपरिवेक्षकीय विषयवस्तुमा अनुशिक्षण कार्यक्रम समेत सञ्चालन गर्ने गरिएको छ ।

**अनुसूची १**

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

### संगठन तालिका



## लघुवित्त वित्तीय संस्थाहरुको नाम, सञ्चालन मिति, पुँजी तथा अन्य प्रमुख वित्तीय सूचकाङ्कहरु
## आर्थिक वर्ष २०८०/८१

| क्र.सं. | संस्थाको नाम | सञ्चालन मिति | पुँजीकोष अनुपात (%) | निष्कृय कर्जा अनुपात (%) | लघु उद्यम कर्जा/ कुल कर्जा (%) | वित्तीय स्रोत संकलन (गुणामा) | औषत ब्याजदर अन्तर (%) |
|---|---|---|---|---|---|---|---|
| १ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड* | २०५६/०४/०१ | १३.५३% | १०.६०% | १८.२९% | ७.२९ | ५.९३% |
| २ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | २०५८/०३/१९ | ११.११% | ५.८९% | २६.३६% | ७.५१ | ६.६९% |
| ३ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड* | २०५८/०८/१२ | १७.४४% | ३.००% | १३.०५% | ६.१८ | ६.०५% |
| ४ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | २०५८/१०/०१ | ११.९३% | ७.९२% | २८.३७% | ७.७९ | ४.६४% |
| ५ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड# | २०५८/११/०२ | १४.७१% | २.१८% | ०.००% | ४.६२ | ४.९७% |
| ६ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०६४/०३/०१ | ८.०५% | १०.४१% | २५.४८% | १०.०७ | ६.९१% |
| ७ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६६/०१/१६ | १०.४२% | ३.३९% | १७.४४% | ८.८४ | ४.१५% |
| ८ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०६६/०९/०१ | ११.०१% | ५.५६% | १५.१०% | ८.७६ | ७.६१% |
| ९ | फर्स्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड# | २०६६/०९/१३ | २०.९२% | ३.१६% | ०.००% | ४.३३ | २.६०% |
| १० | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७६/०९/२३ | १२.३१% | ३.७९% | ६.२०% | ७.२७ | ४.२१% |
| ११ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६७/०७/२३ | ९.३६% | ६.९२% | २२.५२% | ९.०० | ४.९५% |
| १२ | सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७७/१२/०३ | ११.४३% | ६.३४% | २३.९५% | ८.२७ | ६.१४% |
| १३ | लक्ष्मी लघुबित्त वित्तीय संस्था संस्था लिमिटेड | २०६९/०२/२२ | ९.१२% | ७.४७% | १०.५६% | ९.७० | ६.१३% |
| १४ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६९/०३/२१ | १०.७१% | ३.४९% | १८.७०% | ८.६७ | ६.२४% |
| १५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६९/१२/१५ | १०.१९% | ७.७४% | २३.४५% | ९.२० | ५.५६% |
| १६ | एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड@ | २०६९/१२/१८ | १५.९३% | ६.३५% | २३.३१% | ५.८३ | ५.४७% |
| १७ | फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | २०७०/०२/०३ | १०.०३% | ६.८२% | १९.७२% | १०.३० | ५.३२% |
| १८ | ग्लोवल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७०/०२/०५ | १०.३८% | ४.०७% | २८.२६% | ८.५१ | ६.४९% |
| १९ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७७/०८/०८ | ९.७२% | ३.९४% | ९.४७% | ८.४१ | ६.७५% |
| २० | मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७०/०४/०३ | १२.७४% | ८.२३% | २८.१६% | ६.४५ | ६.८७% |
| २१ | समता लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७०/०५/०९ | १५.१८% | १०.९२% | १४.९०% | ७.५३ | ५.५४% |
| २२ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड# | २०७०/०५/२६ | १८.४९% | ३.३१% | ०.००% | ४.६२ | २.२५% |
| २३ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७१/०३/०१ | ९.२३% | ७.९०% | ३.४२% | ९.२४ | ३.७६% |
| २४ | नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | २०७१/०३/१८ | १०.२०% | ३.६९% | २०.५२% | ८.६३ | ८.४५% |
| २५ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७१/०४/३० | १०.१०% | ७.२५% | २७.५७% | ८.२० | ५.३८% |
| २६ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७१/०७/०९ | १०.६३% | २.९७% | ११.६१% | १०.६४ | ३.२६% |
| २७ | उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७७/०३/२६ | ८.८०% | ४.०४% | १८.४६% | ११.६८ | १.३२% |
| २८ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७२/०२/०१ | १०.५१% | ८.२८% | १५.९२% | ८.७५ | ६.१५% |
| २९ | सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | २०७२/०३/२७ | ८.७३% | १.८२% | २५.८१% | ११.३२ | ४.१२% |
| ३० | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७२/०९/१९ | ८.०३% | ३.०७% | १४.६५% | ११.५८ | ५.२०% |
| ३१ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७३/०५/१३ | ९.३१% | ५.१४% | २५.४५% | १०.७० | ६.५६% |
| ३२ | गुराँश लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७३/०८/०१ | ८.३४% | २.८२% | २३.०४% | ११.४५ | ४.१२% |
| ३३ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७३/०८/२४ | ८.०९% | ५.८४% | १७.१९% | १२.११ | ५.९०% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७३/१०/०७ | १०.८२% | ९.२९% | २८.८१% | ८.२८ | ५.९६% |
| ३५ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७४/०२/०८ | ९.१४% | ३.२७% | १५.३४% | ११.४४ | ६.९३% |
| ३६ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७४/०७/१३ | ८.१५% | ४.८०% | २६.५६% | १९.५९ | ४.९०% |
| ३७ | एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७७/१२/०८ | १२.४८% | ११.८८% | २७.९१% | ७.४९ | ५.६७% |
| ३८ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७५/०१/०२ | १२.१६% | ४.८५% | १४.०८% | ९.२३ | ३.९४% |
| ३९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/०७/०१ | ८.१२% | ३.९३% | १७.०७% | १३.२५ | ४.६०% |
| ४० | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/०८/०१ | ८.०२% | ८.०४% | ७.४४% | १२.५० | ३.४४% |
| ४१ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/०९/०१ | ८.२४% | १७.४२% | ९.३४% | ७.८३ | ६.५७% |
| ४२ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/१२/११ | ८.१५% | ४.९६% | ६.०४% | ९.२१ | ४.७२% |
| ४३ | धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/११/०७ | ८.०२% | ८.१०% | ९.७९% | १२.३१ | ५.५६% |
| ४४ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/१२/०१ | ८.०८% | ५.४५% | ९.७१% | ११.६६ | ५.१२% |
| ४५ | नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/११/२१ | १३.४९% | २६.४१% | ६.३८% | २.८४ | ३.६९% |
| ४६ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/१२/१२ | ८.२०% | ८.०८% | २१.९८% | १२.६८ | ७.५०% |
| ४७ | सृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/१२/०१ | ८.७२% | ९.५४% | १६.९२% | ७.८० | ७.१७% |
| ४८ | मातृभुमि लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७७/०३/२९ | ८.०३% | ९.९१% | ५.१०% | १८.५६ | ४.३९% |
| ४९ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७७/०५/२२ | ९.३५% | ४.६५% | १.३०% | ८.५४ | ४.३४% |
| ५० | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७६/०१/०२ | १७.१६% | १३.७३% | ३१.२६% | ३.९७ | ५.९९% |
| ५१ | सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७६/१०/०१ | -८२.१७% | ९९.९५% | १.३५% | - | ११.६६% |
| ५२ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७६/०९/०१ | ९.८१% | ४.९८% | ९.४८% | ११.०० | २.९४% |
| | **जम्मा/औषत** | | **११.७१%** | **६.३१%** | **१८.८६%** | **७.६७** | **५.१४%** |

* सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्थाहरु ।

\# थोककर्जा प्रवाह गर्ने संस्थाहरु ।

@ अपरिष्कृत वित्तीय विवरणको आधारमा ।

## लघुवित्त वित्तीय संस्थाहरुको प्रगति विवरण
## (२०८१ असार मसान्त)

| क.सं. | संस्थाको नाम | कार्यक्षेत्र भएको जिल्ला संख्या | सेवा पुगेको जिल्ला संख्या | कुल कर्मचारी संख्या | कुल शाखा संख्या | कुल केन्द्र संख्या | कुल समूह संख्या | कुल सदस्य संख्या | कुल ऋणी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड* | ७७ | ७७ | १११७ | १८५ | २२७३८ | ४९४३७ | ३९९७२३ | १८७००१ |
| २ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ७३ | ६३९ | १५६ | २३८३४ | ४९००२ | २५५५८३ | १२०१७१ |
| ३ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड* | ७७ | ६९ | १२६४ | १९७ | २५७२० | ११४१४४ | ४१५०२७ | २१७१८९ |
| ४ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ६१ | ७०३ | १५४ | १४५६० | ६११६७ | २६१४५६ | १४५६३२ |
| ५ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड# | ७७ | ७७ | १२८ | १२ | ० | ० | ० | ० |
| ६ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ६५ | ११६५ | २२५ | २२१३२ | ८८३६१ | २९८४५९ | १३३५४४ |
| ७ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | ८ | ८ | १४४ | ४३ | २५४१ | १०३९० | ३८६५१ | २४६७३ |
| ८ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३६ | ४७१ | ९० | ११५५० | ६४६७९ | १२५८८४ | ४८९८३ |
| ९ | फर्स्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड# | ७७ | २७ | १९ | २ | ० | ० | ० | ० |
| १० | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४३ | ३७६ | ९९ | ७८९३ | ३७५०२ | ७६१६० | २६२४५ |
| ११ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १९ | १९ | १८८ | ३९ | ४१२८ | १४२९४ | ४४२०२ | १४६८३ |
| १२ | सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५५ | ७२९ | १७९ | १८८९१ | १८८९१ | १८२२३२ | ७५०१० |
| १३ | लक्ष्मी लघुबित्त वित्तीय संस्था संस्था लिमिटेड | ७७ | ५६ | ३९२ | ९० | ८९५७ | १८३३२ | १०९६३७ | ३७७९६ |
| १४ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३४ | ३१६ | ७५ | ७४७१ | १४७२८ | ७४७२० | ३०२८२ |
| १५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४४ | ५६२ | १३५ | १०६६३ | २५७२४ | १४५७७९ | ५८७५५ |
| १६ | एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | ७७ | ६७ | ५३० | १४८ | ११५३२ | ३३४०१ | १२१२०१ | ३१२२६ |
| १७ | फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | ७७ | ४० | ७३४ | १६० | १९१९५ | ५७९४४.४ | २८४९६५ | १२८९५७ |
| १८ | ग्लोवल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५४ | ४७० | १२१ | ११६३६ | ४५५२८ | १५१८१३ | ५९५०२ |
| १९ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३४ | २८६ | ६४ | ६३२० | २१८२५ | ८२६५२ | ३३०१३ |
| २० | मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ६४ | ६३५ | १५० | १४२३० | ४०२६४ | १५०१६३ | ७९१८६ |
| २१ | समता लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३३ | ४१४ | ९८ | ७५६४ | १९३०८ | १०२६४९ | ३८७७० |
| २२ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड# | ७७ | ३० | १८ | ३ | ० | ० | ० | १२० |
| २३ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १८ | १५ | १७३ | ४५ | ३६८० | ९७९९ | ४३१४५ | १३७९४ |
| २४ | नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | ७७ | ७४ | ७८८ | १८६ | १८५५१ | ३५३६४ | २२७६५६ | १०८८५० |
| २५ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५६ | ८१८ | १८९ | ९१८३ | ४८७९६ | २१६८७५ | ८९६८६ |
| २६ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १३ | ९ | ८४ | २२ | ११०२ | ३४१२ | १२०७७ | ४८७७ |
| २७ | उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | २८ | ३०३ | ८२ | ४५९८ | ८३९१ | ७२६६७ | २७४८५ |
| २८ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५६ | २८१ | ८९ | ६३३५ | १९७६२ | ७९५४० | ३९९३० |
| २९ | सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | १४ | ८ | ८४ | २५ | १५९४ | ३८३९ | २२२८९ | ११७८९ |
| ३० | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५३ | ४५१ | १४० | ८३६१ | २९२७६ | ९९०७४ | ३२५८८ |
| ३१ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४५ | ५३६ | १४२ | ११९१० | ३५७२६ | १३४०७७ | ६०२६७ |
| ३२ | गुराँश लघुवित्त वित्तीय संस्था लिमिटेड | १४ | १३ | १०९ | ३४ | २०३० | ५२०० | २१०७० | ११९४१ |
| ३३ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | २३ | २१४ | ४३ | ३४४५ | ९९५१ | ३३७०२ | १६५०७ |
| ३४ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४८ | ३४१ | ९७ | ११९५९ | ११९५९ | १०२३७४ | ३४३८९ |
| ३५ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १२ | ७ | १९२ | ३६ | २४१३ | २८८७ | ३१६५३ | १५७३७ |
| ३६ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३१ | ६०१ | १८४ | १५११६ | ३८७९० | १७७९०२ | ७६५२० |
| ३७ | एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ७४ | १०६६ | २८६ | २६२७८ | ४१२२९ | २१०३०० | ७६५८३ |
| ३८ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | ३ | ३ | ३५ | ५ | ५३६ | १७६२ | ७६३९ | ३४१९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३८ | ३६५ | ८४ | ६४५४ | २११३९ | ७९८७९ | ३७९१२ |
| ४० | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | १४ | १४३ | ३६ | २०९८ | ७६९० | ३३७१८ | १७८०९ |
| ४१ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १० | ६ | २४८ | ४१ | ४७७९ | २०६६७ | ८३७६० | ३७८६३ |
| ४२ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | १२ | १० | १५७ | ३६ | २९८२ | १०६३४ | ४१६९० | १९८४३ |
| ४३ | धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेड | २४ | २६ | २०४ | ५८ | ३५५६ | १३३५१ | ३९८४४ | १५५१९ |
| ४४ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ७७ | ५०८ | १२४ | ९९१२ | ३०५८४ | १२१५८७ | ४७५५५ |
| ४५ | नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | १७ | २७२ | ५६ | ६२२५ | १५६२६ | ७७००० | ३४०५४ |
| ४६ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८ | ५ | ५० | १२ | ९६६ | ४२९६ | १२२०६ | ५५१४ |
| ४७ | सृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | १० | १७३ | ३३ | २७७४ | ९४५८ | ४१२६८ | १९००४ |
| ४८ | मातृभुमि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ६० | ९२७ | २३६ | १७७६७ | ८३८३० | २१६७९५ | ८१६१९ |
| ४९ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | २४ | ९९७ | १६१ | १६३०९ | ८८०७६ | ३५२२५९ | १९७७१० |
| ५० | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | १२ | ४ | ८७ | २१ | २६३७ | ७२२९ | ३६१४१ | १२९३३ |
| ५१ | सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड | १२ | ४ | २६ | २४ | १५९९ | ५८३२ | १५००४ | ५२४० |
| ५२ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | २१ | १९४ | ६० | २६१५ | ६२८१ | ३१२११ | १६६३५ |
| | **जम्मा** | **७७** | **७७** | **२१७२७** | **५०१२** | **४५९३१९** | **१४१५७५७** | **५९९५३५८** | **२६६३५१०** |

* सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्थाहरु ।

# थोक कर्जा प्रवाह गर्ने संस्थाहरु ।